नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय,कलंकी

प.सं. २०८२।८३
च.नं.

फोन : ५२१९१७८,५२१८६३५

**मालपोत कार्यालय कलंकीबाट रोक्काको अभिलेख अध्यावधिक गर्ने सम्बन्धमा जारी गरिएको सार्वजनिक सूचना ।**

मिति २०८२।५।२३ र २४ गते जेए जी ले गरेको आन्दोलनको क्रममा यस कार्यालयमा तोडफोड तथा आगजनीबाट भौतिक संरचना लगाएत कार्यालयमा रहेको अभिलेखहरु जलेर नष्ट भएको छ। अत: मालपोत ऐन २०३४ को दफा ८ख को उपदफा २ र ३ बमोजिम विभिन्न बैक तथा वित्तिय संस्था, सहकारी संघ संस्था, अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, आन्तरीक राजश्व कार्यालय, स्थानिय तह, ऋण असुली न्यायधिकरण, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, कर्मचारी संचय कोष, नागरिक लगानि कोष, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालयहरु, लगायत विभिन्न निकाय तथा संघ सस्थाहरुले धितोवन्धक लिखत पारित गरि वा पत्र मार्फत यस अघि घरजग्गा रोक्का गरिएकोमा सम्वन्धीत विवरण कार्यालयमा उपलब्ध गराई रोक्काको अभिलेख अध्यावधिक गर्ने सम्वन्धी भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०८२।६।८ मा सार्वजनिक सूचना प्रकाशित भई सकेको हुँदा यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने हाल चन्द्रागिरी न.पा.(साविक मातातिर्थ,दहचोक,वाडभञ्याङ,थानकोट, थानकोट महादेवस्थान, बलम्बु,सतुंगल,नयाँ नैकाप, पुरानो नैकाप,तिनथाना र मच्छेगाउँ) हाल नार्गाजुन न.पा. (साविक बालाजु वडा नं. ७,८ र ९, इचगुनारायण,सितापाईला,डाडापौवा रामकोट,भिमढुंगा,स्युचाटार) हाल किर्तिपुर न.पा. (साविक चोभार भुतखेल,वालकुमारी पांगा,बाहिरीगाउँ,विष्णुदेवी,पालिफल,चिठुविहार,लायकु,मच्छेगाउँ) हाल दक्षिणकाली न.पा. (साविक छैमले, टल्कुडुडेचौर, शेषनारायण, फर्पिङभिमसेनस्थान, सोखेल, चाल्नाखेल) काठमाण्डौ महानगरपालिका वडा नं. १३,१४ र १५ (साविक कालिमाटी,टंकेश्वर,कलंकी,स्वयम्भु," स्वडल्लु) को जग्गाहरुको त्यस्तो घरजग्गाको रोक्का सम्बन्धी अभिलेख तथा शेषपछिको वकसपत्र गरिदिएको भए, व्यक्तिगत धितोवन्धक गरेको भए त्यसको अभिलेख यस कार्यालयलाई उपलब्ध गराई अभिलेख अध्यावधिक गर्ने कार्यमा सहयोग गरिदिनु हुन सूचना प्रकाशित गरिएको छ ।

०८२।६।१०

रविन ढकाल
प्रमुख मालपोत अधिकृत

नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय,कलंकी

प.सं. २०८२।८३
च.नं. ०२८

फोन : ५२१९१७८,५२१८६३५

मिति २०८२।६।१२

विषय : सार्वजनिक सूचना सम्वन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
बागमती प्रदेश हेटौडा नेपाल ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२।६।१० को सार्वजनिक सूचना यसै पत्रसाथ संलग्न रहेको छ । तहाँ मातहत रहेका मन्त्रालय तथा निकायहरु,सहकारी संघ संस्थाहरुलाई समेत जानकारी दिनु भई रोक्का अध्यावधिक गरि सहयोग गरिदिनु हुन सादर अनुरोध छ ।

२०८२।०६।१२
मालपोत अधिकृत

प्रमुख सचिवज्यूको सचिवालय
हेटौडा
दर्ता नं.: ११२
मिति: २०८२।६।१२९

बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

२०८२/८३

पत्र सङ्ख्या :-

चलानी नं. ५२५

मितिः- २०८२।०६।२२

विषयः सार्वजनिक सूचना सम्बन्धमा।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरु सबै,

बागमती प्रदेश।

प्रस्तुत विषयमा मालपोत कार्यालय, कलंकीको पत्र संख्या २०८२।०८३, चलानी नं. ०२०, मिति २०८२।०६।१२ को पत्र र मिति २०८२।०६।१० को सार्वजनिक सूचना यसैसाथ संलग्न राखी जानकारी एवम् आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशनानुसार अनुरोध छ।

तीर्थराज घिमिरे

अधिकृत सातौं

बोधार्थः

श्री मालपोत कार्यालय, कलंकी।